## कार्यपालिका बैठक - २०७५/०४/१३

**प्रस्तावहरु :**

**१. बिषयगत समिति सम्बन्धि**

**२. योजना माग सम्बन्धि**

**३. करार कर्मचारीको म्याद थप सम्बन्धमा**

**निर्णयहरु**

१. बिषयगत समितिका सदस्यहरु साविक कै कायम गर्ने । सार्वजनिक सेवा तथा क्षमता विकास समितिले कर्मचारी, जनप्रतिनिधि तथा उपभोक्ता समितिको क्षमता विकास सम्बन्धि प्रस्ताव र कार्यक्रम तत्काल गाँउपालिकामा पेश गर्ने । अर्थिक विकास समितिले कर संकलन सम्बन्धि, निति कार्यक्रम सम्बन्धि प्रस्ताव तत्काल पेश गर्ने, सामाजिक विकास समितिले लैङ्गिक सशक्तीकरण तथा बालविवाह न्युनिकरण सम्बन्धि गाँउपालिकाबाट गर्नुपर्ने कार्यक्रम सम्बन्धि प्रस्ताव पेश गर्ने, पुर्वाधार विकास समितिले नक्सा पास तथा भवन निर्माण आंचार संहिता सम्बन्धि नीतिगत प्रस्ताव पेश गर्ने तथा वतावरण तथा विपद व्यवस्थापन समितिले वन संरक्षण सम्वन्धि नीतिगत खाका सहितको विवरण गाँउपालिकामा पेश गर्ने निर्णय सर्व सम्मतिले पारित गरियो ।

२. देहायका योजनाहरु कार्यान्वयनका लागि आवश्यक बजेटका लागि सम्बन्धित मन्त्रालयमा मागपत्र पेश गर्ने निर्णय गरियो ।

**क)** टिलाखोला मुहान- आरुवालनेटा - बाजेथान खानेपानी निर्माण योजना - रु १ करोड
**ख)** सुरी-धोद्रेतरा- भामाचौर सिचाई कुलो निर्माण योजना - रु १ करोड
**ग)** गोलबाङखोला- हिङाडाँडा- सतुपोले खानेपानी -वाटर लिफ्टिङ) योजना रु ९० लाख
**घ)** रिसिम्जा वडा नं. १ र ४ जोड्ने झोलुङ्गे पुल निर्माण रु. १ करोड
**ङ)** बारीखोला - च्यूराबोट सिचाई योजना रु. ५० लाख
**च)** साधँखोला लिफ्टिङ वाटर सप्लाई योजना थानीडाँडा,लाङजा, रिचा, गराती, ज्याङ लाभाम्वित- १८६ घर रु. १ करोड २५ लाख
**छ)** डोमखोला, गोगनपानी, लाप्चुन, ज्यबाङ, सिचाई योजना - लाभाम्वित घर -१०१ लागत रु. ७० लाख
**ज)** धनुखोला मुहान देखि सिद्धपुजे धुरी सम्म खानेपानी वाटर लिफ्टिङ - रु. ९० लाख
**झ)** चामलेखोला- हिले ( वाटर लिफ्टिङ ) योजना रु. ८५ लाख
**ञ)** पापुखोला - जुनबाङ सिचाई योजना रु. ४० लाख
**ट)** जुर्बोट-होयबाङखोला - कुलापनी खोलाको मुहानबाट माडी गा.पा. २ घर्तिगाउँ बजार खानेपानी निर्माण योजना - रु. १ करोड
**ठ)** माडी गा.पा. वडा नं. ५ र ६ जोडने जुगिरे- लापा झोलुङ्गे पुल निर्माण योजना - रु १ करोड ५० लाख
**ड)** खरबुजे मुहान सिंचाई योजना - रु ४० लाख
**ढ)** माडी गा.पा. वडा नं. ४ बाट वडा नं. १ भित्ताबाङ जोड्ने झोलुङ्गे पुल - रु. २ करोड ५० लाख

**ण**) केउराबाङ, सालिमे, खानेपानी योजना - रु. १ करोड २५ लाख

**त**) लिक्बाङखोला -दहबाङ- लिफ्ट सिचाई योजना - रु. १ करोड ४० लाख

**थ**) ब्याङखोला दोमार झोलुङ्गे पुल - रु. ३० लाख

३. गा.पा. इन्जिनियर विशाल घर्ति मगर, सव इन्जिनियर नरेश घर्ति मगर को करार म्याद अर्को व्यवस्था नँहुदासम्म बढीमा ६ महिना थप गर्ने । १ जना अ.स. इन्जिनियर करारका लागि सुचना आवह्नन गर्ने , कृषि प्राविधिक २ जना, १ जना अ.न.मी. १ जना अ.हे.ब. र ९ जना कार्यालय सहयोगी नियुक्तिका लागि दरखास्त आवह्नन गर्ने निर्णय गरियो ।